# नैरोबी घोषणा

विश्वका विभिन्न ४६ देशहरुबाट अन्तराष्ट्रिय इकोएग्रीकल्चर सम्मेलन तथा प्रयोगकर्ता भेला नैरोबी केन्यामा सहभागी हामीहरु विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु, नागरिक समाज, वातावरण तथा प्राकृतिक सम्पदा संरक्षण गर्ने संस्थाहरु र ग्रामीण कृषक तथा चरन समूह अन्तर्गत आबद्ध छौं । यस किसिमको विविधताका बावजुद पनि हामीले **लैण्डस्केप स्तरमा सुधारिएको जीवनस्तर, जैविक विविधता संरक्षण (वंशाणु सम्पदा, वातावरण सेवा र जंगली जनावर/विरुवा) र दिगो उत्पादनको लागि एक प्रवल संयन्त्रको आवश्यकता प्रति प्रशस्त ऐक्यवद्धता पायौं । यहि नै Ecoagriculture को सार हो ।**

हामीले मान्दछौं कि खाद्यान्न, वन तथा सिमसार वस्तुहरुको उत्पादन (चाहे यो सघन वा असघन जुनसुकै रुपमा होस्) सुधारिएको जीवनस्तर, जैविक विविधता संरक्षण र दीगोपनको लागि एउटा प्रमुख चुनौती नै हो । उदाहरणको लागि विश्वको एक तिहाई भन्दा बढी जमिन खाद्यान्नबाली वा लगाइएको खर्कद्वारा प्रभावित छ त्यसरी नै बढी भन्दा बढी जमिन खाद्यबाली, चरन प्रणाली र वनपैदावर उत्पादन जस्ता खेती चक्रमा लगाईदै जानु परेको यथार्थता छ । त्यस्तै, हाम्रा जैविक विविधता संरक्षणका प्रयासहरु खाद्यान्न र वनपैदावर उत्पादनको यथेष्ट अन्तरसम्बन्ध र अन्तरक्रियालाई नचिनिकनै लागू गरिएका छन् । यस सम्मेलनमा हामी सहभागिहरु बिचमा :

- यथेष्ट जीवन्त अन्तरक्रिया/वादविवाद भयो र हामीले बहुउद्देश्यहरु प्राप्तिका उत्तम मार्गहरु अत्यन्तै फराकिला र फरक भएको तथ्यलाई गम्भिरतापूर्वक आत्मसात गऱ्यौं,
- विविध भिन्न भिन्न प्रणाली र प्रयोग गर्ने तरिका बारेका उदाहरणहरु दोहोऱ्याइकन विवेचना तथा समालोचना गऱ्यौं साथै सफल Ecoagriculture को लागि सामाजिक, सांस्कृतिक, आर्थिक, वातावरणीय, संस्थागत, प्रविधिगत, भौगोलिक र राजनीतिक चरित्रका बारेमा पनि ठोस रुपमा विवेचना गऱ्यौं,
- अनुभवको आदानप्रदान गऱ्यौं, ज्ञान अभिवृद्धि गऱ्यौं, नयाँ साझेदारीको विकास गऱ्यौं । Ecoagriculture को सामर्थ्यताको बारेमा चेतनाको स्तर फराकिलो पाऱ्यौं र हाम्रा गतिविधिहरुलाई समर्थन गर्न सबल सम्बन्ध को विकास गऱ्यौं,
- Ecoagriculture लाई अझ सशक्त ढंगबाट अगाडि बढाउन आईपर्ने अवसर, चुनौती र प्राथमिक कार्यहरुको बारेमा गम्भिर र वस्तुपरक ढंगबाट विश्लेषण र मूल्याङ्कन गऱ्यौं र यसो गर्दा ग्रामीण जनजीविकाका लागि महत्तवपूर्ण वातावरणीय तवरले संवेदनशील, बिग्रिएका, चेतावनी पाएका अथवा लोपुन्मुख स्थान र पक्षहरुलाई बढी महत्व प्रदान गऱ्यौं,
- प्रशस्त विशेष सुझावहरुलाई कार्यान्वयन गरी Ecoagriculture को अवधारणा र तरिकाहरुलाई अझ सशक्त ढंगबाट अगाडी बढाउन वृहत् रुपमा छलफल गऱ्यौं ।

हामीहरु सहस्राब्दी लक्ष्य हासिल गर्ने, गरिबी निवारण गर्ने, लैङ्गिक समानता, वातावरणीय दीगोपन, साझेदारी एवं विश्वव्यापी वातावरण संरक्षणका प्रतिबद्धता/प्रावधानहरुलाई सबै राष्ट्रहरुले राकार्यान्वयन गर्न Ecoagriculture को वृहत विकास एवं ग्रहणले निकै टेवा पुऱ्याउने कुरामा निकै प्रतिबद्ध छौं ।

हामीहरु त्यसकारण घोषणा गर्छौं कि :

१. Ecoagriculture ले उत्पादन र जैविक विविधतासँग जोडिएका यावत प्रणाली र तौरतरिकाहरुलाई समावेश गर्नुका अलावा :

क. प्राकृतिक हरियाली र वातावरणीय कार्यलाई टेवा पुग्ने गरी रुख, झाडी र घाँसलाई कृषिवन उत्पादन प्रणालीमा समाहित गर्दछ र पशुपालन एवं चरण प्रणालीलाई प्रोत्साहन गर्दछ,

ख. स्थानीय रुपमा प्रचलित तौर तरिकाहरुलाई विशेष जोड दिँदै प्राङ्गारिक तथा कम बाह्य स्रोतमा आधारित कृषिको प्रयोगलाई बढवा दिन्छ,

ग. कृषिमा आवश्यक पर्ने आधारभूत स्रोत (input) को राम्रो व्यवस्थापन गरी खेतीपाती गर्दा उत्पन्न हुने फोहोरको यथोचित व्यवस्थापन गरी वातावरणीय प्रदुषण कम गर्दछ,

घ. माटो, पानी, हरियाली र जंगली प्रजातीहरुको व्यवस्थापनमा सुधार ल्याँउछ,

ङ. स्थानीय कृषि, चरण र वन समुदायहरुको आवश्यकताहरुलाई मध्यनजरमा राख्दै ग्रामीण बस्तीस्तरमा संरक्षणलाई जन्माउने र प्रवर्द्धन गर्ने गर्दछ,

च. खेर गइरहेका खेती नगरिएका क्षेत्रहरु, वन तथा सिम्सार क्षेत्रहरुमा जंगली जनावरहरु (एवं बसाईसराई गर्ने प्रजातीहरु) लाई टेवा पुग्ने गरी वासस्थान, विकास तथा कोरीडरहरुको निर्माण गर्न प्रयोग गर्दछ,

छ. पहिले नै प्रयोग भैरहेको जमीनको उत्पादकत्वलाई दीगो रुपमा बढाई जंगली जमिनलाई कृषि, कृषिवन, वन तथा मत्स्य पालन प्रयोजनमा परिवर्तन गर्ने प्रक्रियालाई कम गर्नुका साथै यस्तो प्रवृत्ति (जंगली जमीन विविध मानवीय प्रयोगमा रुपान्तरण हुने प्रक्रिया) लाई उल्ट्याउन पनि मद्दत गर्छ,

ज. संरक्षित क्षेत्रहरुलाई ल्यान्डस्केप योजना (Landscape Planning) अन्तर्गत राखी कार्यान्वयन गर्नुका अलावा जनजीविका, जैविक विविधता संरक्षण र आर्थिक फाइदाहरुलाई पारदर्शी र प्राप्य बनाउने गर्दछ ।

२. विश्वका विभिन्न सर्वसाधारण कृषक समुदायहरुले हजारौं वर्ष अघि देखि Ecoagriculture को सिद्धान्तहरुलाई प्रयोग गर्दै आएका छन् जसले गर्दा वातावरण सन्तुलन र ठूला जीर्ण जमिनहरुलाई उत्पादनशील र वातावरणीय रुपमा सक्रीय कार्यरुपी प्रणालीमा रुपान्तरण गर्न यी समुदायहरु सामर्थ्य छन्,

३. खाद्यान्नको माग, वातावरणीय सेवा र ग्रामीण जनजीविकाको समागम हुने क्षेत्रहरुका अलावा संरक्षीत क्षेत्र वा यसका आसपासका क्षेत्रहरुमा बसोवास गर्ने ग्रामीण कृषक समुदायहरु र अधिक मुल्यवान जैविक विविधता भएका वासस्थान तथा लोपुन्मुख प्रजातिहरुका लागि Ecoagriculture विश्वव्यापीरुपमा अति नै महत्वपूर्ण छ,

४. मानव र जंगली जनावरलाई सेवा गर्दै आएका पर्वतीय इलाका र जैविक रुपमा जीर्ण ग्रामीण ल्यान्डस्केप (Landscape) (जहाँ दीगो खाद्य उत्पादन र स्थानीय जनजीविकाकको लागि आकस्मिक पूनर्स्थापनाको आवश्यकता छ) जस्ता चरम महत्वका क्षेत्रहरुमा पनि Ecoagriculture महत्वपूर्ण छ ।

सम्मेलनले मानव स्वास्थ्य तथा पोषण, कृषि, कृषिवन, पशुपालन तथा चरन, मत्स्यपालन र शहरी तथा ग्रामीण विकास, इन्धन, मौसम परिवर्तन जैविक विविधता संरक्षण तथा जलसंपदा संरक्षण जस्ता यावत क्षेत्रसंग सम्बन्धित नीति निर्माता, योजनाकार, अनुसंधानकर्ता र प्रयोगकर्ताहरुलाई स्थानीय, राष्ट्रिय क्षेत्रीय र विश्वव्यापी रुपमा निम्न तरिकाले Ecoagriculture लाई बढवा दिन आग्रह गर्दछ :

क. Ecoagriculture को योजना तथा कार्यन्वयनको लागि बहु-सरोकारवालाहरुको सहभागिता तथा रणनितीक गठबन्धनको निर्माणलाई प्रोत्साहित गरेर,

ख. उत्पादकत्व, जनजीविका तथा पर्यावरणीय सेवा साथै जैविक विविधतालाई एकसाथ प्रवर्द्धन गर्दै तल्लो तह र ग्रामीण समुदायका नविनतम प्रविधिहरुलाई समाविष्ट गर्दै र तिनीहरुलाई प्रोत्साहित गर्दै,

ग. स्थानीय ज्ञान, स्थानीय संस्था, निर्णय गर्ने प्रक्रिया तथा ग्रामीण जमीन प्रयोगकर्तालाई वातावरणीय हेरविचारवालाको रुपमा महत्व र मान्यता दिँदै,

घ. दीगो जमीन र पानीको व्यवस्थापन तथा जैविक विविधता संरक्षणमा फार्म र लैन्डस्केप स्तरमा भएका शुरुवातहरुलाई एकिकृत गर्दै र तिनीहरुलाई फैलाउँदै,

ङ. खाद्यान्न उत्पादनलाई जैविक विविधतासँग समाहित गर्न मद्दत पुग्ने खालका नीति तथा कार्यहरुको पक्षमा वकालत गर्दै यस्ता प्रयासहरुलाई लैन्डस्केप र जलाधार स्तरमा सघनीकरण गर्दै,

च. Ecoagriculture लाई कार्यान्वयन गर्न कृषि र चरन समुदायहरुको क्षमता अभिवृद्धि गर्दै नीजि र सार्वजनिक जग्गामा प्राकृतिक वातावरणको संरक्षण तथा व्यवस्थापन गर्न मद्दत गर्दै,

छ. कृषि जैविक विविधता र संरक्षित क्षेत्रहरुमा Ecosystem Approach का सिद्धान्तहरु तथा वनस्पति संरक्षणका लागि अपनाएको विश्वव्यापी रणनीतिहरु जैविक विविधता सन्धी, खाद्य तथा कृषिको हकमा वनस्पति आनुवंशिक स्रोतहरुको लागि गरिएको अन्तराष्ट्रिय सन्धि लगायतका कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने र Ecoagriculture लाई अरु प्रमुख अन्तराष्ट्रिय सन्धिहरु जस्तै मरुभूमिकरणलाई रोक्ने संयुक्त राष्ट्र संघिय सन्धि (UNCCD), मौसम परिवर्तन सम्बन्धमा बनेको संयुक्त राष्ट्र संघिय संयन्त्र सन्धि (UNFCCC) र सिमसार सन्धि (Ramsar) इत्यादिसँग एकिकृत गरी अगाडी बढाउदै,

ज. संरक्षीत क्षेत्र संजाल, जसले खाद्य उत्पादन र ग्रामीण जनजीविकालाई धानी पर्यावरणीय कार्यलाई थेग्ने गर्दछन्, को महत्वलाई प्रष्ट रुपमा प्रवर्द्धन गर्दै,

झ. व्यापारीक खाद्य तथा कच्चा पदार्थको बजार एवं अन्य ग्रामीण उत्पादन र वातावरणीय सेवाको बजारमा Ecoagriculture को लागि प्रोत्साहन तथा हौसला (Incentive) दिँदै (जुन स्थानीय स्तरमा रत्याइएका (domesticated) विरुवा, बजार प्रवर्द्धन, उपभोक्ता शिक्षा तथा कृषक र चरनवालाहरुलाई वातावरणीय सेवाको लागि पुरस्कारको व्यवस्था गरेर गर्न सकिन्छ),

ञ. Ecoagriculture सँग सम्बन्धित नीजि तथा सरकारी राष्ट्रिय, अन्तराष्ट्रिय अनुसन्धान, विकास तथा क्षमता अभिवृद्धि जस्ता कार्यहरुमा लगानी अभिवृद्धि गर्दै विकसीत र विकसोन्मुख सबै मुलुकहरुमा मानव स्वास्थ्य, पोषण, कृषि, कृषिवन, पशु तथा चरन, मत्स्यपालन, जलस्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण, शहरी तथा ग्रामीण विकास, शक्ति तथा मौसम परिवर्तन जस्ता क्षेत्रहरुमा पनि लगानी प्रवर्द्धन गर्दै,

हामीहरु विश्वस्त छौं कि **Ecoagriculture** प्रति प्रेरित र प्रतिवद्ध विविध सरोकारवालाहरुको परिचालन र ग्रामीण जीवनस्तरको सुधारका साथै वातावरणीय सेवाहरुको संरक्षण र पुनर्स्थापनाले सिनर्जी (**Synergy**) निर्माण गर्दछ र विश्वव्यापीरुपमा खाद्य सुरक्षा, मानव स्वास्थ्य तथा पोषण गरिबी निवारण र वातावरणीय दीगोपन जस्ता महतवपूर्ण फाइदाहरु प्राप्त गर्नेछ ।

नैरोबी, केन्या
१ अक्टोबर २००४